DEMOCRACY RESOURCE CENTER

COCAP

NepalMonitor.org NEPAL MONITOR human rights . security . nepal

दोस्रो चरणको स्थानीय तह निर्वाचन (असार १४) अगाडिका घटनाहरु
विश्लेषण अद्यावधि – ७
अवधिः जेठ ९-२८, २०७४
प्रकाशितः असार २

## सारांश

असार १४ मा हुने भनिएको दोस्रो चरणको स्थानीय तह निर्वाचनको तयारी र प्रचार-प्रसारमा तीव्रता आएसँगै प्रदेश १, २, ५ र ७ मा निर्वाचनसम्बन्धी घटनामा उल्लेख्य वृद्धि देखियो । वैशाख २९ देखि जेठ ७ बीच १९ घटनाका तुलनामा जेठ ९ र २८ को अवधिमा नेपाल मनिटरको तथ्याङ्कअनुसार यी प्रदेशहरुमा ४६ घटना घटे । उक्त ४६ घटनामध्ये १५ राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) को निर्वाचन विरुद्ध लक्षित कार्यक्रम थिए, ११ घटनामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकर्ताहरु या 'निर्वाचन विरोधी' गतिविधिमा संलग्न थिए वा त्यस्ता गतिविधिमा सरिक हुने आशङ्काले प्रहरीद्वारा गिरफ्तार हुन पुगे, छ घटना राजनीतिक दलका कार्यकर्ताहरुले आफ्ना दलले छानेका उम्मेदवारी प्रति असन्तुष्टि जनाउँदा आन्तरिक विवादका रहे, छ घटनामा दलहरुबीच विवाद भयो र पाँच घटना भर्खरै गठित स्थानीय एकाइहरुको सीमानाविरुद्ध असन्तुष्टिको रहयो ।

उता प्रदेश ३, ४ र ६ मा निर्वाचनसम्बन्धी घटनाहरुमा कमी आउने सिलसिला जारी रहयो ।[1] यी प्रदेशहरुमा भएका नौ घटनामध्ये चार घटना चितवनको भरतपुर महानगरपालिकाको एक मतगणना स्थलमा मतपत्र च्यातिएका सम्बन्धमा थिए । विभिन्न सञ्चार माध्यम तथा निर्वाचन पर्यवेक्षकका प्रतिवेदनहरुअनुसार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रतिनिधिहरुले मतगणना सम्पन्न हुनै लाग्दा मत पत्र च्यातेको भनियो । उक्त घटनापछि मतगणना स्थगित गरियो । अन्य पाँच घटनामा निम्न घटनाहरु सामेल छन्: हुम्लामा एक नेपाली काँग्रेस कार्यकर्ता बेपत्ता भए; नेपाली काँग्रेस कार्यकर्ताद्वारा तीन नेकपा कार्यकर्तामाथि हुम्लामा कुटपीट भयो; धादिङमा एक नेपाली काँग्रेस कार्यकर्तामाथि साङ्घातिक हमला भयो; सल्यानमा नेकपा कार्यकर्ताहरुको

[1]नेपाल मनिटरको तथ्याङ्कअनुसार, जेठ १ देखि २८ सम्म प्रदेश ३, ४ र ६ मा २२ घटना भए, जुन वैशाख २८-३१ मा पहिलो चरण निर्वाचन लगत्तै भएका ८१ घटना र वैशाख ९-२७ को निर्वाचनअघिको अवधिमा भएका ५६ घटनाभन्दा निकै कम हो । पहिलो चरणको निर्वाचनपछि भएका १३ घटनाका बारेमा पढ्न हेर्नुहोस्:विश्लेषण अद्यावधि - ६

गिरफ्तारी भयो र नेपाली काँग्रेस कार्यकर्ताद्वारा एक मतदातामाथि नुवाकोटमा कुटपीट भयो ।

जेठ २८ मा एक प्रमुख मधेशवादी दल राजपाले तराईमा निर्वाचन बिथोल्ने उदेश्यले निर्वाचन बहिष्कार गर्ने तथा विरोध र आमहडतालका कार्यक्रमहरु घोषणा गरे पश्चात् दोश्रो चरणको निर्वाचन सम्पन्न हुने अनिश्चितता बढेको छ । चुनाव बहिष्कार गर्ने राजपा र निर्वाचनमा संलग्न दलहरुबीच तथा राजपा र सुरक्षाकर्मीबीच मुठभेड हुने सम्भावनासँगै आगामी दिनहरुमा हिंसात्मक घटनामा वृद्धि हुने व्यापक चासो देखिन्छ ।

यस परिदृश्यमा, थप हिंसालाई रोक्न र निर्वाचनलाई सफलताका साथ सम्पन्न गर्न, सरकार तथा राजपाले संवादलाई जारी राख्दै सहमतिमा पुग्नु पर्ने आवश्यक देखिन्छ ।[2]

## घटनाहरुको विवरण[3]

भरतपुर मतगणनासम्बन्धी घटनाहरु

- जेठ १४ मा माओवादी केन्द्रका प्रतिनिधिहरुले चितवनको भरतपुर महानगरपालिकाको मतगणना केन्द्रमा गन्दै गरिएका वडा १९ का मतपत्रहरु च्याते । माओवादी केन्द्र र नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) का प्रतिनिधिहरुबीच विवादपछि उक्त घटना भएको भनिन्छ । मतपत्र च्यातिएर गणना स्थगित हुनुअघि २९ ओटा वडामध्ये २७ को गणना सक्किएको थियो । त्यसबेला नेकपा-एमालेका मेयर उम्मेदवार माओवादी केन्द्रका मेयर उम्मेदवारभन्दा ७३३ मतले अगाडी थिए ।[4] चितवन जिल्ला प्रहरी उपरीक्षकले मतपत्र माओवादी केन्द्रका प्रतिनिधिहरुले च्यातेको पुष्टि गरे । प्रहरीले दुई माओवादी कार्यकर्तालाई मतपत्र च्यातेको आरोपमा गिरफ्तार गरेको छ ।

[2]जेठ २८ मा राजपालाई निर्वाचनमा भाग लिन वातावरण बनाउनका निम्ति सरकारले राजनीतिक दलसम्बन्धी ऐन २०७३ मा संशोधन गर्यो । उक्त संशोधनले राजपालाई देशव्यापी चुनाव चिन्ह प्रयोग गर्न बाटो खोल्नेछ । सोही दिन सरकारले तराईमा स्थानीय निकायको सङ्ख्या बढाउने मन्त्रीपरिषद्को निर्णयलाई तत्काल लागु नगर्न दिएको सर्वोच्च अदालतको अन्तरिम आदेशलाई खारेजगर्न निवेदन दियो । तर सर्वोच्च अदालतले उक्त निवेदनलाई दर्ता गर्न अस्वीकार गर्यो । सरकारका यी तमाम कोशिश बावजुद राजपा आफ्ना मुख्य अडान - संविधान संशोधन र स्थानीय तहको सङ्ख्याको वृद्धिलाई पूर्व शर्तको रुपमा दोह्रोयाएको छ । हेर्नुहोस्: द काठमान्डू पोस्टको रिपोर्ट ।

[3]सम्पूर्ण घटनाहरुको लागि हेर्नुहोस् नेपाल मनिटरको वेब साइट ।

[4]भरतपुरको निर्वाचन देशभरि नै चर्चित हुन पुग्यो । यसको कारण थियो - माओवादी केन्द्रको मेयर उम्मेदवार रेणु दाहाल । उनी पूर्व प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डकी छोरी हुन् ।

- जेठ १६ मा नेकपा-एमालेले भरतपुर महानगरपालिकाको मतगणना सुचारु गराउने माग गर्दै भरतपुरमा प्रदर्शन गर्यो । उता माओवादी केन्द्र र नेपाली काँग्रेसको गठबन्धनले वडा १९ मा पुनर्मतदान गर्नुपर्ने माग गरे ।

- जेठ २१ मा नेकपा-एमालेले निर्वाचन आयोगको वडा १९ मा पुनर्मतदान गराउने निर्णयको विरोधमा भरतपुरमा राँके जुलुस प्रदर्शन गर्यो ।[5] सोही दिन नयाँ शक्ति पार्टी नेपाल (नशपा), राष्ट्रिय जनमोर्चा (राजमो) र नेपाल कम्युनिस्ट पार्टी ( मार्क्सवादी-लेनिनवादी) (नेकपा-माले) ले संयुक्त वक्तव्य जारी गरेर निर्वाचन आयोगको वडा १९ मा पुनर्मतदान गर्ने निर्णयले माओवादी केन्द्र र नेपाली काँग्रेसको गठबन्धनको पक्ष लिएको आरोप लगाउँदै पुनर्मतदानको निर्णयप्रति आपत्ति जनायो ।

राजपासंलग्न घटनाहरु

- जेठ १६ मा रौतहटको गौरस्थित जिल्ला निर्वाचन आयुक्त (जिनिआ) को कार्यालयमा तालाबन्दी गर्ने क्रममा २४ जना राजपा कार्यकर्ता पक्राउ परे । सोही दिन सप्तरीको राजविराजमा जिनिआको कार्यालयमा तालाबन्दी गर्ने क्रममा प्रहरीसँगको मुठभेडमा चार राजपा कार्यकर्ता घाइते भए । त्यसै दिन मोरङको बिराटनगरमा क्षेत्रीय निर्वाचन कार्यालयलाई राजपा कार्यकर्ताहरुले बिहान १० देखि ११ सम्म घेराउ गरे । जेठ १६ मै महोत्तरीका जिनिआको कार्यालय, निर्वाचन अधिकारीहरुका कार्यलयहरु र छ गाउँपालिका कार्यालयमा राजपा कार्यकर्ताहरुले तालाबन्दी गरे ।

- जेठ १७ मा राजपासहित जनजाति र मधेशी दलहरुको साझा मोर्चा सङ्घीय गठबन्धनले नवलपरासीका रामग्राम नगरपालिका, प्रतापपुर गाउँपालिका र पल्हिनन्दन गाउँपालिकास्थित निर्वाचन अधिकारीहरुका कार्यालयमा तालाबन्दी गर्यो ।

- जेठ १३ मा महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा राजपाले राँके जुलुस निकाल्यो ।

[5] जेठ २० गते निर्वाचन आयोगले वडा १९ मा पुनर्मतदान गर्ने निर्णय गर्यो । तर सर्वोच्च अदालतले निर्वाचन आयोगको सो निर्णयलाई रोक लगाइ दिएको छ । यस विषयमा सर्वोच्च अदालतको अन्तिम निर्णय आउन बाँकी नै छ ।

- जेठ १३ मै सप्तरीको बालन बिहुल गाउँपालिकामा छनही मल्हनियास्थित जनता राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको मतदाता शिक्षा कार्यक्रमलाई राजपाका कार्यकर्ताले शिक्षा सामग्रीमा आगो लगाएर बिथोले ।

- जेठ १४ मा निर्वाचनको विरोधमा राजपा कार्यकर्ताले महोत्तरीको जलेश्वरमा र सप्तरीको राजविराजमा लाठी जुलुस निकाले ।

- जेठ २६ मा नेकपा-एमालेको सिरहाको गोलबजारमा हुने भनिएको चुनावी कार्यक्रमलाई बिथोल्ने उद्देश्यले राजपा कार्यकर्ताहरुले पूर्व-पश्चिम राजमार्गका विभिन्न ठाउँमा टायर बाली सवारी-साधनको आवतजावत गर्न बन्द गरे । विरोधका बावजुद, प्रहरीले राजमार्गबाट राजपा कार्यकर्ताहरुलाई लखेट्दैटायर हटाएपछि उक्त कार्यक्रम सुचारु भयो ।

- जेठ २८ मा सप्तरीको राजविराज नगरपालिकामा राजपा कार्यकर्ताहरुले प्रमुख निर्वाचन आयुक्त अयोधी प्रसाद यादवको सहभागिता भएको एक अन्तरक्रिया कार्यक्रम बिथोल्न खोज्दा प्रहरीसँग मुठभेड भयो । राजपा कार्यकर्ताहरुले निर्वाचन र आयुक्त विरुद्ध नाराबाजी गरे ।

- जेठ २८ मा सर्लाहीको मधुवनगोठ गाउँपालिकामा राजपा कार्यकर्ताले सङ्घीय समाजवादी फोरम नेपाल (ससफो) को अध्यक्ष उपेन्द्र यादवको सहभागिता भएको चुनाव प्रचार कार्यक्रम बिथोल्न खोज्दा प्रहरीसँग मुठभेड भयो । राजपा कार्यकर्ताहरुले कार्यक्रम स्थल नजिक प्रदर्शन गर्नुका साथै यादवको पुत्लासमेत जलाएका थिए ।

- जेठ २८ मा जनकपुर उपमहानगरपालिका, धनुषाको शिवचोकमा नेपाली काँग्रेसको चुनाव प्रचार कार्यक्रम बिथोल्न राजपा कार्यकर्ताहरुले नेपाली काँग्रेसको झन्डा जलाए । झण्डा जलाउँदै गर्दा, धनुषा राजपा संयोजकले जिल्लामा कुनै किसिमको चुनाव प्रचार अभियान हुन नदिने बताए । सोही दिन जनकपुरमा राजपाको निर्वाचन आयोगको कार्यक्रम बिथोल्ने प्रयासलाई प्रहरीले असफल बनायो ।

नेकपासंलग्न घटनाहरु

- जेठ ११ मा बेल्कोट नगरपालिका, कञ्चनपुरमा नेकपा जिल्ला सचिवलाई प्रहरीले उनकै घरबाट 'निर्वाचन विरोधी गतिविधि' मा लागेको आरोपमा गिरफ्तार गर्यो ।[6]

- जेठ १४ मा इलामको देउमाई नगरपालिकामा दुई नेकपा कार्यकर्तालाई प्रहरीले 'निर्वाचन विरोधी गतिविधि' मा लागेको भनेर गिरफ्तार गर्यो । यस घटनाको एक हप्ता अगाडि प्रहरीले इलामबाटै तीन अन्य नेकपा कार्यकर्तालाई पक्राउ गरेको थियो ।

- जेठ १७ मा १३ नेकपा कार्यकर्तालाई प्रहरीले 'निर्वाचन विरोधी गतिविधि' मा लागेको आरोपमा बर्दियाको गुलरियामा गिरफ्तार गर्यो । यसभन्दा अघि पहिलो चरणको निर्वाचनमा पनि उनीहरुलाई पक्राउ गरिएको थियो । गिरफ्तार नेकपा कार्यकर्ताहरुले प्रहरीले उनीहरुलाई झुटो आरोपमा पक्राउ गरेको दाबी गरे ।

- जेठ १८ मा भोजपुरको पौवा डुङमा गाउँपालिकाको वडा ४ मा दुई नेकपा कार्यकर्तालाई प्रहरीले 'निर्वाचन विरोधी गतिविधि' मा लागेको भनेर गिरफ्तार गर्यो । पक्राउ परेका कार्यकर्ताहरु वडा कार्यालयमा 'संयुक्त क्रान्तिकारी जनपरिषद्' लेखिएको साइनबोर्ड झुन्ड्याउने क्रममा गिरफ्तार भएका थिए । भोजपुर नेकपा जिल्ला सचिवले पौवा डुङमामा कुनै पनि चुनाव हुन नदिने एक विज्ञप्ति नै जारी गरे ।

- जेठ १९ मा बाराको निजगढमा एक कटुवा बन्दुक, गोली र चुनावविरोधी पर्चासहित एक नेकपा कार्यकर्ता पक्राउ परे ।

- जेठ २३ मा नेकपाले डोटीको पुर्व गाउँ विकास समितिहरु(गाविस) जोरायल, गडसेरा, मन्नकपदी, बर्छे र लनके-दारेस्वरलगायत अन्य गाउँपालिकाहरुमा 'जन-सरकार' घोषणा गर्यो । नेकपाले जिल्लामा पर्चा वितरण र पर्खालमा नारा लेखन गर्ने काम बढाएको छ ।

[6]पाइएका जानकारीहरुले उनी कस्ता 'निर्वाचन विरोधी गतिविधि' मा सामेल थिए भन्ने कुरा खुलाएका छैनन् ।

अन्तर-पार्टी घटनाहरु

- जेठ ११ मा दाङको घोराही उपमहानगरपालिकामा वडा ५ को अध्यक्षका लागि नेकपा-एमालेका प्रत्याशीलाई एक अज्ञात समुहले आक्रमण गरि घाइते तुल्यायो । नेकपा-एमाले उम्मेदवारले आफूमाथि नेपाली काँग्रेससम्बद्ध नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताहरुले पेस्तोल देखाएर रडले आक्रमण गरेको दाबी गरे । नेकपा-एमाले दाङले एक प्रेस विज्ञप्ति निकाली उक्त घटनाको भत्सर्ना गऱ्यो ।

- जेठ १८ मा खोटाङको जन्तेढुङ्गा गाउँपालिकामा चुनाव प्रचार गरिरहेको अवस्थामा माओवादी केन्द्रका कार्यकर्ताहरुले एक नेकपा-एमाले कार्यकर्तामाथि आक्रमण गरे । घाइते नेकपा-एमाले कार्यकर्ताको खुट्टामा गहिरो चोट लागेको छ । प्रहरीले आरोपित माओवादी केन्द्र कार्यकर्तालाई स्थानीय नेकपा-एमालेको उजुरीपछि गिरफ्तार गर्यो ।

- जेठ २८ मा खोटाङको दिप्रुङ गाउँपालिकामा नेकपा-एमालेका कार्यकर्ताहरुले नेपाली काँग्रेसको झण्डा च्यातेपछि भएको झगडामा वडा ३ को अध्यक्षका लागि नेकपा-एमालेका प्रत्याशी घाइते भए ।

पार्टी-आन्तरिक घटनाहरु

- जेठ १३ मा नेकपा-एमालेका असन्तुष्ट कार्यकर्ताहरुले आफ्नै पार्टीको सुनसरीको धरान उपमहानगरपालिकास्थित क्षेत्रीय पार्टी कार्यालयलाई तालाबन्दी गरे । तालाबन्दीपछि कार्यालयको घेराउ गरेका ती कार्यकर्ताहरुले वडाका लागि उम्मेदवार छान्दा क्षमताभन्दा पनि व्यक्तिगत चिनजान र नातागोतालाई प्राथमिकता दिएको आरोप लगाए ।

- जेठ १० देखि १५ सम्म नेपाली काँग्रेसका एक कार्यकर्ताले आफ्नै पार्टीको कैलालीको धनगढी उपमहानगरपालिकास्थित जिल्ला पार्टी कार्यालयअगाडि भोक हडताल गरे । पार्टीका नेताहरुले नातावाद र पैसाको लेनलेनको आधारमा जिल्लामा उम्मेदवार छानेको आरोप उनले लगाए ।

- जेठ २३ मा उदयपुरको चौदण्डी नगरपालिकामा नेकपा-एमालेका कार्यकर्ताहरुले आफ्नै पार्टीको नगर कमिटी कार्यालयमा तोडफोड गरे । नगर कमिटीको सिफारिसलाई प्रान्तीय कमिटीले बेवास्ता गर्दै मेयरका लागि अर्कै उम्मेदवार चयन गरेपछि ती कार्यकर्ताहरु आक्रोशित भएका थिए ।

- जेठ १५ मा सुर्खेतको लेकबेशीमा नेकपा-एमालेका नगर कमिटी सचिवमाथि बीर बहादुर रावतसहितको समुहले आक्रमण गर्‍यो । आफुलाई वडा सदस्यमा सिफारिस नगरेकाले रावत सचिवसँग क्रुद्ध थिए ।

<u>स्थानीय तह पुनर्संरचना सम्बन्धित घटनाहरु</u>

- जेठ ८ मा धनुषाको पूर्व रघुनाथपुर गाविस निवासीहरुले रघुनाथपुरस्थित नेकपा-एमाले, नेपाली काँग्रेस तथा माओवादी केन्द्रका पार्टी कार्यालयहरुलाई घेराउ गरे । निवासीहरु रघुनाथपुरलाई दुई नगरपालिकामा छुट्याइएको विरोधमा प्रदर्शन गरेका हुन् ।

- जेठ ९ मा पर्साको सुबर्णपुर गाउँपालिकामा स्थानीय पार्टी कार्यकर्तालगायत नागरिकहरुले सुबर्णपुर नगरपालिका हुनुपर्ने माग सहित प्रदर्शन गरे । स्थानीय नागरिकहरुले प्रधानमन्त्री तथा मन्त्रीहरुका पुत्ला जलाउँदै सुबर्णपुर अनिश्चितकालीन बन्दको घोषणा गरे ।

- जेठ ९ मा धनुषाको पूर्व बहुअर्वा गाविसका बासिन्दाहरुले बहुअर्वालाई धनौजी गाउँपालिकामा गाभ्ने निर्णयको विरोधमा बहुअर्वामा सवारीसाधनको आवतजावतलाई रोके । स्थानीय नागरिकहरुअनुसार धनौजी बहुअर्वाभन्दा सानो र थोरै जनसङ्ख्या भएको हुनुका साथै बहुअर्वाबाट धनौजी टाढा पनि छ ।

**स्थलगत अध्ययनको निष्कर्ष**

दोश्रो चरणको आसन्न निर्वाचनअघि नागरिकहरुको निर्वाचनबारे दृष्टिकोण बुझ्न तथा निर्वाचनको सेरोफेरो हिंसाको सम्भावनालाई आँकलन गर्न डिआरसीएन को पोलिटिकल भायोलेन्स मोनिटरिङ्ग (पीभीएम) अनुसन्धान टोलीले कपिलबस्तु, रुपन्देही, पर्सा, बारा र

धनुषा जिल्लाको भ्रमण जेठ ९-१६ मा गर्यो ।[7] अनुसन्धान टोलीले ती जिल्लाहरुमा राजनीतिक दलका प्रतिनिधि, राजनीतिक अभियन्ता र पत्रकारलगायत २० जना सरोकारवाला तथा थप ३० जना नागरिकहरुसँग अन्तर्वार्ता गर्यो ।

*नागरिकका दृष्टिकोण*

भ्रमण गरिएका जिल्लाहरुमा नागरिकहरुमा स्थानीय तहको जनप्रतिनिधि छान्ने उत्साह देखिए तापनि राजपाको विरोध जारी रहेको खण्डमा तोकिएको मितिमा निर्वाचन सपन्न हुने सवालमा व्यापक आशङ्का देखियो । राजपाको विरोधको बावजुद सरकारले निर्वाचन गर्न अघि सरेको अवस्थामा हिंसाको सम्भावना उच्च रहने मत अन्तर्वार्ता लिइएकामध्ये अधिकांश नागरिकको थियो । भर्खरै केही अघिसम्म मधेशी मोर्चामा आबद्ध ससफो र राजपाले लिएका विरोधाभासी राजनीतिक निर्णयका कारण अन्तर्वार्ता लिइएका मधेशी नागरिकहरु अन्यौल देखिन्थे । ससफोले निर्वाचानमा भाग लिने निर्णय गरेको छ भने राजपाले आफ्ना माग पूरा नहुन्जेलसम्म निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको छ । उदाहरणको लागि, पर्साको वीरगञ्जमा ससफोको निर्वाचन प्रचार जुलुसको एक घण्टाभित्र राजपाको निर्वाचन विरोधी जुलुसलाई डिआरसीएनले अवलोकण गर्यो । डिआरसीएनले अन्तर्वार्ता लिएका दुवै जुलुसका प्रत्यक्षदर्शी नागरिकहरु राजपाको विरोधको बावजुद गरिने निर्वाचनमा सरिक हुने कि नहुने भन्ने सवालमा अस्पष्ट थिए । अन्तर्वार्ता दिएका अधिकांश नागरिकले तराईमा स्थानीय निर्वाचन सफलताका साथ सम्पन्न गराउनका निम्ति सरकारले राजपाका मागहरुलाई सम्बोधन गरि उसलाई सहमतिमा ल्याउनु पर्नेमा जोड दिए ।

बाराको पर्सौनी गाउँपालिकामा अन्तर्वार्ता लिइएको एक पसलेले राजपाको विरोधको बावजुद हुने निर्वाचनमा जनताको सहभागिता पहिलेको तुलनामा न्यून रहने बताए । हिंसात्मक घटनाको सम्भावनाले धेरै मतदाता, खासगरी महिला, घर बाहिर नै निस्किन नसक्ने उनले भने । त्यस्तै, पर्साको बिन्दवासिनी गाउँपालिकामा गरिएको एक सामूहिक छलफलमा सहभागी नागरिकहरुले राजपा बेगरको निर्वाचन 'रक्तपातपूर्ण' हुनसक्ने चिन्ता बारम्बार दोहोर्याए । छलफलका धेरै सहभागीले मतदाता तथा उम्मेदवारहरुले धम्की पाइरहेको अवस्थामा राजपाको विरोध हुँदाहुँदै निर्वाचन हुनसक्ने सम्भावना नरहेको विचार व्यक्त गरे । बिन्दवासिनी गाउँपालिका अध्यक्षका नेकपा-एमाले सम्भावित उम्मेदवारले राजपाको विरोधले नेकपा-एमालेको चुनावी अभियान रोक्न नसके पनि अफ्ठ्यारोमा भने पार्ने स्वीकारे ।

[7]पहिलेका निर्वाचनहरुमा तथा भर्खरका राजनीतिक घटनाक्रममा यी जिल्लाहरुमा घटनाको सङ्ख्या उच्च रहेको र आउँदा निर्वाचनमा पनि घटनामा बढोत्तरीको सम्भावना रहेकोले डिआरसीएनले सो जिल्लाहरुको भ्रमण गरेको हो ।

धनुषाको जनकपुर उप-महानगरपालिकाका लागि नेपाली काँग्रेसका तर्फबाट मेयर पदका आकाङ्क्षीले मधेशी जनताको असन्तोष र राजपाको विरोधका बीच हुने निर्वाचनमा उम्मेदवार तथा मतदाताले धम्की पाउने र चुनावमा भाग नलिने सम्भावना उच्च रहेको बताए । अन्तर्वार्ता लिइएका जनकपुरका नागरिकहरुले पनि राजपा बेगर चुनाव सफलतापूर्वक सम्पन्न हुनेमा शङ्का व्यक्त गरे । त्यस्तै, कपिलबस्तुको तौलिहवा नगरपालिकामा अन्तर्वार्ता लिइएकामध्ये अधिकांश नागरिकहरुले सरकारले पहाडी बहुल क्षेत्रमा निर्वाचन सम्पन्न गर्न सके पनि मधेशी बहुल क्षेत्रमा चुनाव गर्नु चुनौतीपूर्ण हुने बताए । अन्तर्वार्ता दिएका रुपन्देहीका नागरिकहरुले पनि मधेशी बहुल क्षेत्रमा राजपाले निर्वाचन बिथोल्ने हुनाले त्यहाँ निर्वाचन हुनसक्ने सम्भावनाप्रति शङ्का व्यक्त गरे ।

*राजनीतिक पार्टीका दृष्टिकोण*

भ्रमण गरिएका जिल्लाका अधिकांश राजनीतिक दलका प्रतिनिधिहरुले आफ्ना पार्टीका केन्द्रीय नीतिलाई नै अङ्गीकार गर्ने जनाए । राजपाका नेता-कार्यकर्ताले उनीहरुको माग पूरा नभएसम्म आफुहरुले निर्वाचनमा भाग नलिने र चुनाव बिथोल्ने बताए । नेपाली काँग्रेस, नेकपा-एमाले, माओवादी केन्द्र र ससफोलगायत मुख्य पार्टीका स्थानीय नेताहरुले आफुहरु केन्द्रीय निर्देशनअनुसार चुनावी अभियानमा लागेको बताए । यद्यपि उनीहरुमा पनि तोकिएको मितिमा निर्वाचन हुनेमा आशङ्का नै देखियो र राजपाको विरोध कायम नै रहने हो भने हिंसात्मक मुठभेड हुने तथा चुनाव नै बिथोलिने सम्भावनाप्रति उनीहरु चिन्तित देखिए ।

ससफोका केही नेताहरुले माग सम्बोधन अगावै चुनावमा भाग लिने पार्टीको नीतिप्रति दुखः व्यक्त गरे पनि पार्टी निर्देशन नमान्नुको विकल्प नै रहेको बताए । कपिलबस्तुको तौलिहवा नगरपालिकास्थित जिल्ला पार्टी कार्यालयमा डिआरसीएनले लिएको सामूहिक अन्तर्वार्तामा ससफोका कार्यकर्ताहरुबीच पार्टीको चुनावमा जाने निर्णयको औचित्य सम्बन्धमा तीव्र विवाद देखा पर्यो । एक कार्यकर्ताले पार्टीले मधेश आन्दोलनको मुद्दा छोडेर गम्भीर भुल गरेको बताए भने अरु कार्यकर्ताहरुले पार्टी निर्णयको बचाव गरे । यद्यपि सबै कार्यकर्ताले जनतामाझ पार्टीको निर्णयलाई कसरी लाने र औचित्य पुष्टि गर्ने चिन्ता भने जाहेर गरे । ससफोको रुपन्देही जिल्ला अध्यक्षले निर्वाचन तोकिएकै मितिमा हुनुपर्नेमा जोड दिए । पहिले पनि केही पार्टीले बहिष्कार गर्ने र बिथोल्ने धम्कीको बीचमा निर्वाचन सफलताका साथ सम्पन्न भएको र यसपल्ट पनि त्यसरी नै चुनाव हुने विश्वास उनले व्यक्त गरे ।

केही जिल्ला नेताले भने केन्द्रीय निर्देशन मान्न नसक्ने कुरा बताए । नशपा- ससफोसँग चुनावी तालमेल गरेको- कपिलबस्तुका नेताले राजपा चुनावमा नगए आफुहरु पनि जिल्लामा निर्वाचनमा भाग नलिने भने । त्यस्तै, ससफो धनुषाकी एक नेत्रीले आफ्नो पार्टीले मधेशी मागहरुलाई छोडेर निर्वाचनमा जाने निर्णयप्रति खेद व्यक्त गरिन् ।

जिल्लामा राजपासँग मुठभेड हुनेबारे चिन्तित भएपनि उनले चुनाव प्रचारमा पार्टीलाई सहयोग भने गर्ने बताइन् ।

अन्तर्वार्ता लिइएका सबै राजपाका  नेता-कार्यकर्ताहरुले आफ्ना माग पूरा नभएसम्म चुनाव बहिष्कार गर्दै बिथोल्ने निर्णयमा जोड दिए । प्रादेशिक सिमाङ्कनमा हेरफेर तथा स्थानीय निकायहरु तराईमा बढाइनु पर्ने लगायतका मागहरु सम्बोधन नभएसम्म दोस्रो चरणको निर्वाचन पार्टीले हुन नदिने कुरा राजपा रुपन्देहीका सह-संयोजकले बताए । राजपाको बहिष्कार कतै हिंसामा टुङ्गिने हो भन्ने प्रश्नको उत्तरमा उनले सरकारले निर्वाचन "थोपरेको" खण्डमा हिंसाको सम्भावना उच्च हुने बताए । राजपा धनुषाका संयोजकले पनि आफ्नो पार्टीको विरोधको बावजुद सरकारले निर्वाचन गरे हिंसा बढ्ने पूर्वानुमान गरे ।

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको सातौँ संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*

# स्थानीय निर्वाचनको सेरोफेरोमा घटेका घटनाहरु, जेठ ८ - जेठ २८, २०७४

जेठ २७: नेपाली कांग्रेस कार्यकर्ताहरुको आक्रमणमा परि खोटांगमा नेकपा एमालेका तर्फबाट दिप्रुंग गाउँपालिका वडा नम्बर ३ को प्रमुखको उम्मेदवार घाइते

जेठ २७: नेपाली कांग्रेसका तर्फबाट हुम्लाको अदान्चुली गाउँपालिकाका प्रमुखको उम्मेदवारले आक्रमण गर्दा नेकपा एमालेका कार्यकर्ताहरु घाइते

जेठ २४: खोटांगको हलेसी तुवाचुंग-२ मा नेकपा एमालेका कार्यकर्ताहरुले आक्रमण गर्दा एक जना नेपाली कांग्रेस कार्यकर्ता घाइते

जेठ १४: नेकपा माओबादी केन्द्रका कार्यकर्ताहरुले मतपत्र च्यातेपछि चितवनको भरतपुरको मतगणना स्थगित

जेठ २८: राजपा नेपालका कार्यकर्ताहरुद्वारा सप्तरीमा प्रमुख निर्वाचन आयुक्तको कार्यक्रममा अवरोध

जेठ २८: राजपा नेपालका कार्यकर्ताहरुद्वारा धनुषामा नेपाली काँग्रेस र सर्लाहीमा संघिय समाजवादी फोरम नेपालको कार्यक्रममा अवरोध


जेठ २६: राजपा नेपालका कार्यकर्ताहरुद्वारा सिराहाको गोलबजारमा नेकपा एमालेको चुनावी अभियान विथोल्ने प्रयास

जेठ १६: राजपा नेपालका कार्यकर्ताहरुद्वारा मोरङ, सप्तरी, महोत्तरी र रौतहटमा जिल्ला निर्वाचन कार्यालय घेराउ

जेठ १४: राजपा नेपालका कार्यकर्ताहरुद्वारा सिराहा, धनुषा लगायतका तराईका जिल्लाहरुमा लाठि जुलुश प्रदर्शन

जेठ १३: राजपा नेपालका कार्यकर्ताहरुद्वारा सप्तरी, महोत्तरी, र पर्सा लगायतका तराईका जिल्लाहरुमा मशाल जुलुश प्रदर्शन

जेठ १९ - जेठ २४: यस अवधिमा प्रहरीले चुनाव विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा नेत्र विक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताहरुलाई ईलाम, भोजपुर, रौतहट, बारा, रोल्पा, प्युठान, सल्यान, बर्दिया, र कंचनपुर लगायतका जिल्लाहरुबाट पक्राउ गर्‍यो




NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal